ISSN: 2961-1989
Academia Research Journal
Research Management Cell (RMC), Mahemdra Multiple Campus, Nepalgunj
Volume: 5 Issue: 2, Year: 2026

# दक्षिणपूर्वी सल्यानका लोकगीतमा विरोधमूलक अलङ्कार

**डम्बरबहादुर पुन**[1*]

**Dambar Bahadur Pun**[1*]

DOI: https://doi.org/10.3126/academia.v5i2.97495

[1]Department of Nepali, Mahendra Multiple Campus, Neplagunj (Tribhuvan University, Nepal)
*Corresponding Author: Email: dambarpun06@gmail.com
ORCID: https://orcid.org/0009-0008-9548-6336

*Article History: Received: Jan. 14, 2026 Revised: March. 22 2026 Accepted: July. 12, 2026*

## लेखसार

यस लेखमा दक्षिणपूर्वी सल्यानी लोकगीतहरूमा प्रयोग भएका विभिन्न विरोधमूलक अलङ्कारहरूको विश्लेषण गरिएको छ । यहाँ वास्तविक विरोध नभई केवल विरोध भएको जस्तो आभास भएको विरोधाभास अलङ्कारयुक्त लोकगीत पाइएका छन् । जसमा बाहिरी अनुहारमा हाँसो देखिए पनि भित्री मनमा पीडा भइरहेको भाव व्यक्त भएको पाइएको छ । यसै गरी पर्याप्त कारण उपस्थित भएर पनि अपेक्षित कार्य नघट्ने असामान्य स्थिति चित्रण गरिएका विशेषोक्ति अलङ्कार पनि यहाँका लोकगीतमा पाइएका छन् । यहाँ विष खाएर पनि मृत्यु नभएको विशेषोक्ति अलङ्कारयुक्त लोकगीतको वर्णनले प्रेममा धोका, पीडा र आत्मविनाश हुन सक्ने सोचलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस क्षेत्रको अधिक अलङ्कारयुक्त लोकगीतमा आधार रतिनानी र चिम्सेनानीलाई आधेय सूर्यका ज्योतिसँग रूपारोपित गरी अत्यधिक प्रधानता देखाइएको छ । विशेष अलङ्कारमा आधार बिना आधेयको वर्णन गरी असम्भवमा सम्भवको कल्पना गरिएको हुन्छ । यहाँ खैराबाडी माई भगवतीलाई पुत्रलाभ गराउने, निर्धालाई धन दिने र अन्धालाई ज्योति दिने असाधारण शक्ति भएकी देवीका रूपमा चित्रण गरिएको छ । यी अलङ्कारहरूको प्रयोगले लोकगीतहरूलाई केवल मनोरञ्जनात्मक नभई गहिरो भावनात्मक, दार्शनिक र सांस्कृतिक अर्थ दिएका छन् ।

*शब्दकुञ्जी :* विरोधाभास, विशेषोक्ति, विशेष, अधिक, व्याघात, अन्योन्य

## अध्ययन परिचय

दक्षिणपूर्वी सल्यान लोकगीतका हिसाबले अत्यन्त समृद्ध क्षेत्र हो । यहाँका लोकस्रष्टाले विभिन्न प्रकारका लोकगीतहरू सिर्जना गर्ने र गाउने गरेको पाइन्छ । यी लोकगीतमा पाइने अलङ्कारका विभिन्न प्रकारमध्ये विरोधमूलक अलङ्कारको अध्ययन हालसम्म कहीँकतै भएको देखिँदैन । यसै अभावलाई पूर्ति गर्न यस लेखमा यस क्षेत्रका लोकगीतमा पाइने विरोधमूलक अलङ्कारको अध्ययन गरिएको छ । यस अनुसन्धान कार्यका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयीय कार्य र सामग्री विश्लेषणका लागि वर्णनात्मक विधि उपयोग गरिएको छ । यहाँका लोकगीतमा विरोधाभास, विशेषोक्ति, विशेष, अधिक, व्याघात, अन्योन्य विरोधमूलक अलङ्कारहरू प्राप्त भएका छन् । यी लोकगीतमा पाइने अलङ्कारयुक्त पङ्क्तिहरूले बाहिरी सौन्दर्य र भित्री यथार्थ, प्रेम र पीडा, जीवन र मृत्यु, आस्था र विश्वासजस्ता मानवीय अनुभवलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दै नेपाली साहित्यमा अलङ्कारहरूको महत्त्वपूर्ण योगदान रहेको कुरा प्रमाणित गरेका छन् ।

### उद्देश्य

यस अनुसन्धानमूलक लेखको प्रमुख उद्देश्य भनेको दक्षिणपूर्वी सल्यानका लोकगीतमा विरोधमूलक अलङ्कारको अध्ययन गर्नु हो । यस अध्ययनमा यस क्षेत्रका लोकगीतमा पाइने विरोधमूलक अलङ्कारका लक्षण, तिनीहरूका उदाहरण र यहाँका

लोकगीतमा त्यसको प्रयोगलाई क्रमशः चर्चा गरिएको छ। यसका साथै यस क्षेत्रका विरोधमूलक अलङ्कारयुक्त पङ्क्तिलाई विभिन्न तरिकाले व्याख्या गर्ने कामसमेत गरिएको छ।

### सैद्धान्तिक आधार

यस अध्ययनको मूल सैद्धान्तिक आधार भनेको अलङ्कार सिद्धान्त नै हो । साहित्यलाई शब्दगत चमत्कार र अर्थगत चमत्कारबाट उजिल्याउन सकिन्छ भन्ने धारणा यस सिद्धान्तको रहेको छ। लोकगीत पनि साहित्यको एक महत्त्वपूर्ण पक्ष भएकाले यसमा अलङ्कारको खोजी गर्नु पनि स्वाभाविकै हो । लोकस्रष्टाले आङ्नो अभिव्यक्तिलाई कलात्मक, भावात्मक, रागात्मक बनाउनका लागि आलङ्कारिक अभिव्यक्तिको प्रयोग गर्दै जाने क्रममा लोकगीतमा अलङ्कारको प्रयोग गरेको देखिन्छ । यस क्षेत्रका लोकगीतमा पाइने यस प्रकारका आलङ्कारिक अभिव्यक्तिमध्ये रुøयकले विरोधमूलक अलङ्कारभित्र राखेका अलङ्कारहरूको अध्ययन गर्ने काम यसमा गरिएको छ। यसका लागि अलङ्कारको सैद्धान्तिक चर्चा गरेका आचार्यहरूका अलङ्कार लक्षणको चर्चा गर्दै ती अलङ्कारहरू कहाँ कहाँ प्रयोग भएका छन्, त्यसको खोजी कार्यलाई प्रस्ट पारिएको छ । अनि अलङ्कारयुक्त लोकगीतको व्याख्या गर्ने काम यस अध्ययनमा गरिएको छ।

## अनुसन्धान विधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको अध्ययन हो । काव्यमा अलङ्कारको अध्ययन गर्ने ऐतिहासिक परम्पराको निरन्तरताका रूपमा गरिएकाले यस अध्ययनलाई एकरेखीय पद्धतिमा आधारित तथ्यानुसन्धान मानिन्छ। यस लेखमा सामग्री सङ्कलन र विश्लेषणका लागि विभिन्न विधिहरू अवलम्बन गरिएको छ । यस क्षेत्रका लोकगीतमा पाइने विरोधमूलक अलङ्कारको अध्ययन गर्न लोकगीत प्राप्तिका लागि पुस्तकालयीय कार्य गरिएको छ। यसका लागि डम्बरबहादुर पुनको *लोकगीत सिद्धान्त र आठहजारी लोकगीत* (२०८१) मा सङ्कलन गरिएका लोकगीतको उपयोग गरिएको छ। यी सामग्रीको विश्लेषणका लागि वर्णनात्मक विधिको सहायता लिइएको छ।

### अध्ययनको सीमा

यस अध्ययनले दक्षिणपूर्वी सल्यानका लोकगीतमा केन्द्रित भएर ती लोकगीतमा पाइने विरोधमूलक अलङ्कारलाई मूल विषयवस्तु बनाएको छ। अलङ्कारको उपस्थिति लोकगीतमा मात्र नभएर लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा र लोककथामा समेत रहने भए तापनि यस अध्ययनले लोकगीतलाई मात्र आङ्नो अध्ययनको सीमा निर्धारण गरिएको छ। लोकगीतमा पनि अनेक प्रकारका अलङ्कारहरू पाइने भए तापनि यस अध्ययनले रुøयकले विरोधमूलक अलङ्कार वर्गभित्र राखेका ११ ओटा विरोध, विभावना, विशेषोक्ति, अतिशयोक्ति, असङ्गति, विषम, विचित्र, व्याघात, अधिक, विशेष र अन्योन्य अलङ्कारमा केन्द्रित भई अध्ययन गरिएको छ । यीमध्ये विरोधाभास, विशेषोक्ति, विशेष, अधिक, व्याघात र अन्योन्य अलङ्कार प्राप्त गर्न यो अध्ययन सफल भएको छ।

### अध्ययनको नतिजा

दक्षिणपूर्वी सल्यानका लोकगीतमा छ ओटा विरोधमूलक अलङ्कार प्राप्त गर्न सफल हुनु नै यसको मूल प्राप्ति हो । यस अध्ययनमा बाहिरी अनुहारमा हाँसो देखिए पनि भित्री मनमा पीडा भइरहेको भाव व्यक्त भएको विरोधाभास अलङ्कार पाइएको छ। यहाँ विष खाएर पनि मृत्यु नभएको विशेषोक्ति अलङ्कारयुक्त लोकगीतको वर्णन प्राप्त गरिएको छ । यस क्षेत्रका लोकगीतमा आधार रतिनानी र चिम्सेनानीलाई आधेय सूर्यका ज्योतिसँग रूपारोपित गरी अत्यधिक प्रधानता देखाइएको अधिक अलङ्कार प्राप्त गरिएको छ। यसै गरी खैराबाडी माई भगवतीलाई पुत्रलाभ गराउने, निर्धालाई धन दिने र अन्धालाई ज्योति दिने असाधारण शक्ति भएकी देवीका रूपमा चित्रण गरिएको विशेष अलङ्कारको सुन्दर प्रस्तुति पनि भेटाइएको छ।

## छलफल तथा विश्लेषण

यस क्षेत्रका लोकगीतमा प्राप्त गरिएका विरोधाभास, विशेषोक्ति, विशेष, अधिक, व्याघात र अन्योन्य अलङ्कारलाई विभिन्न आचार्यहरू अलङ्कार लक्षणसम्बन्धी धारणा, त्यस अलङ्कारको सुन्दर प्रयोग भएको उदाहरण र अलङ्कारयुक्त पङ्क्तिको व्याख्या गर्नका लागि निम्नानुसा र छलफल तथा विश्लेषण गरिएको छ-

### *विरोधाभास अलङ्कार*

विरोध भन्नाले सामान्यतया असङ्गति वा परस्पर असहमतिलाई बुझिन्छ भने विरोधाभास भन्नाले विरोधको मात्र आभास भन्ने बुझिन्छ । यस अलङ्कारलाई कतिपयले विरोध भनेका छन् भने कतिपयले विरोधाभास नाम दिएका छन्। यसमा वास्तविक विरोध नभई केवल विरोध भएको जस्तो देखिने आभास मात्र पाइन्छ । विरोधाभास अलङ्कारमा वास्तवमै कुरा विरोधाभासी हुँदैन तर विरोध भएको जस्तो अनुभूति मात्र हुन्छ। यस अलङ्कारको लक्षण प्रस्तुत गर्ने पहिलो आचार्य भामह हुन्। उनले कुनै विशेष कुराको कथन गर्न कुनै गुण वा क्रियाका विरुद्ध अन्य क्रियाको कथन गर्नुलाई विरोध अलङ्कार भनेका छन् (२०४२, पृ. ७७)। यसबाट के प्रस्ट हुन्छ भने वास्तविक रूपमा विरोध नभएर विरोधको आभास मात्र भएको अलङ्कारलाई विरोधाभास अलङ्कार भनेर परिभाषित गर्न सकिन्छ।

यस क्षेत्रका लोकगीतमा विरोधाभास अलङ्कारको प्रयोग भएको देखिन्छ। विशेष गरेर यहाँको *टुक्के टुम्का* गीतको दोस्रो, चौथो र सत्रौँ पङ्क्तिमा विरोधाभास अलङ्कारको प्रयोग भएको पाइन्छ। विरोधाभास अलङ्कारको प्रयोग भएको यहाँको *टुक्के टुम्का* गीतको नमुना यसप्रकार छ-

सगरको पल्ला छेउमा बादलु हौरने

दन्त पापी हाँसखेल गर्ने मन पापी रोइरने (पुन, २०८१, पृ. ६६) ।

यस गीतमा प्रस्तुत अभिव्यक्तिले प्रकृतिको सौन्दर्य र मानव मनको द्वन्द्वलाई एकसाथ देखाएको छ । सगरको पल्ला छेउमा बादलु हौरने भन्ने पङ्क्तिले विशाल आकाशको किनारमा देखिने बादलको खेललाई देखाएको छ, जहाँ प्रकृति अर्थात् बादल रमाइलो गर्दै आफ्नो लयमा बहिरहेको छ । त्यसै बिचमा दन्त पापी हाँसखेल गर्ने भन्ने अभिव्यक्तिले बाहिरी रूपमा रमाइलो देखिए पनि भित्री रूपमा पीडादायी जीवन बिताइरहेको मानवीय स्वभावलाई उजागर गरेको छ । यसले बाहिरी हाँसो र भित्री पीडाबिचको विरोधाभासलाई प्रकट गर्छ । यहाँ मन पापी रोइरने भन्ने अभिव्यक्तिले अन्तर्मनको वास्तविक पीडा र अपराधबोधलाई देखाएको छ । मानिस बाहिर हाँस्छ, रमाइलो गर्छ तर उसको अन्तरात्मा भने रोइरहेको हुन्छ । यसले जीवनमा देखिने बाहिरी आवरण र भित्री सत्यबिचको दूरीलाई स्पष्ट पार्छ । यसरी यस गीतले प्रकृतिको रमाइलो दृश्यलाई मानवीय मनोविज्ञानसँग जोडेर देखाएको छ । यहाँ बादलको खेल र आकाशको विशालता बाहिरी सौन्दर्य हुन् भने मनको रोदन भित्री यथार्थ हो । यस गीतले बाहिरी हाँसो र भित्री आँसुबिचको द्वन्द्वलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको छ । यसरी यस गीतमा एउटै समयमा एउटै स्थानमा दाँतले हाँसखेल गरेको र मन भने रोइरहेको परस्पर विरोधी गुणको चर्चा गरिएको भेटिन्छ । रुøयकले विरूद्ध जस्तै लाग्ने कुरालाई विरोध अलङ्कार भनिन्छ (२०१६, पृ. ४५२) भने झैँ यस गीतमा विरोध जस्तै लाग्ने एकैसाथ हाँस्ने रुने कुराको चर्चा भएकाले यहाँ विरोधाभास अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ ।

### *विशेषोक्ति अलङ्कार*

विशेषोक्ति भन्नाले विशेष प्रकारको वा असाधारण अभिव्यक्ति बुझिन्छ । जब पर्याप्त वा अखण्ड कारणहरू उपस्थित भएर पनि अपेक्षित कार्य उत्पन्न हुँदैन, त्यही अवस्था नै विशेषोक्ति अलङ्कारको लक्षण हो । यसमा कारणहरू प्रशस्त भए पनि फल वा परिणाम देखिँदैन । यस अलङ्कारमा कारणहरू भए पनि कार्य नघट्ने असामान्य स्थिति प्रस्तुत हुन्छ । विशेषोक्ति अलङ्कारको पहिलो चर्चा आचार्य भामहले गरेका हुन्. । उनले विशेषताको अभिवृद्धिका लागि एउटा गुणलाई हानि भए पनि अर्को गुणको वर्णन गर्नुलाई विशेषोक्ति अलङ्कार भनेका छन् (२०४२, पृ. ७६) । यसरी पर्याप्त कारण भएर पनि कार्यको उत्पत्ति नहुनु वा कार्यको अभाव देखिनुलाई विशेषोक्ति अलङ्कार भनेर चर्चा गर्न सकिन्छ ।

यस क्षेत्रका लोकगीतमा विशेषोक्ति अलङ्कारको प्रयोग भएको भेटिन्छ । यहाँका *मधुवन* तिज गीतको पहिलो र दोस्रो पङ्क्तिमा, *स्यालदाइ साइँली* गीतको पन्ध्रौँ, सोह्रौँ, उनान्सयौँ र सयौँ पङ्क्तिमा, *डाँरादाइ साइँली* गीतको एघारौँ र बाह्रौँ पङ्क्तिमा विशेषोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ । यस क्षेत्रको विशेषोक्ति अलङ्कारको प्रयोग भएको *स्यालदाइ साइँली* गीतको नमुना यसप्रकार छ-

पूरै मुटु साइँली लग्या छौ लुटी

मरिन म विष खाँदा दुई मुठी (पुन, २०८१, पृ. ५८) ।

यस गीतमा पूरै मुटु साइँली लग्या छौ लुटी भन्ने पङ्क्तिले प्रेममा भएको गहिरो चोटलाई देखाएको छ । यहाँ प्रियजनले सम्पूर्ण हृदय कब्जा गरेर लुटेको जस्तो अनुभूति प्रेमिकालाई भएको छ । यसले प्रेममा भएको विश्वासघात वा धोकाका कारण प्रेमिकाको आत्मा नै शून्य भएको छ । त्यसपछि मरिन म विष खाँदा दुई मुठी भन्ने अभिव्यक्तिले अत्यन्त पीडादायी अवस्था चित्रण गरेको छ । प्रेममा धोका पाएपछि जीवन निरर्थक भएको अनुभूति हुन्छ र आत्मविनाशको सोचसम्म आउन सक्छ । विष खाँदा दुई मुठी भन्ने अतिशयोक्तिपूर्ण चित्रणले पीडाको गहिराइ र निराशाको चरम रूपलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको देखिन्छ । गीतले प्रेमको उज्यालो पक्षभन्दा अँध्यारो पक्षलाई देखाएको छ । यहाँ विश्वास, समर्पण र आशा सबै लुटिएका छन्, केवल पीडा र निराशा मात्र बाँकी रहेको पाइन्छ । यसले प्रेममा हुने असमानता, धोका र आत्मिक संघर्षलाई उजागर गरेको छ । यसरी गीतले मानवीय भावनाको चरम पीडा, प्रेममा भएको विश्वासघात र त्यसले ल्याउने आत्मविनाशको सोचलाई मार्मिक ढङ्गले प्रस्तुत गरेको छ । यो केवल व्यक्तिगत पीडा मात्र होइन, प्रेममा हुने सार्वभौमिक संघर्षको प्रतिनिधित्व पनि हो । यहाँ युवतीलाई दुई मुठी विष खाँदा पनि केही भएको छैन । पन्तले प्रशस्त कारण भएर पनि कार्यको उत्पत्ति नभएमा विशेषोक्ति अलङ्कार हुन्छ (२०५६, पृ. ७३) भने झैँ यस गीतमा विष खाएको कारण भएर पनि मृत्यु हुने कार्य नभएकाले यहाँ विशेषोक्ति अलङ्कारको प्रयोग भएको प्रस्ट हुन्छ ।

### *अधिक अलङ्कार*

सामान्य अर्थमा अधिक भन्नाले मात्रा वा तीव्रता बढी हुनु हो । यसको पर्यायवाची शब्दका रूपमा धेरै, बढी, मस्तै, ज्यादै, निक्कै, बेसीलाई लिन सकिन्छ । साहित्यशास्त्रमा अधिकको अर्थ आधार वा आश्रय र आधेय वा आश्रितमध्ये कुनै एकको प्रधानता भन्ने हो । पूर्वीय साहित्यशास्त्रका क्षेत्रमा अधिक अलङ्कारको चर्चा गर्ने पहिलो आचार्य रुद्रट हुन् । उनले यस अलङ्कारका दुईओटा लक्षण प्रस्तुत गरेका छन् । पहिलो लक्षणअनुसार उनले एउटै कारणले आधार र आधेयका बिचमा परस्पर विरुद्ध स्वभाव भएका पदार्थ उत्पन्न भएमा अधिक अलङ्कार हुने कुरा उल्लेख गरेका छन् । यसै गरी दोस्रो लक्षणअनुसार उनले विशाल आधारमा कारणवश सानो आधेय तत्त्व नअटाएमा अधिक अलङ्कार हुने लक्षण प्रस्तुत गरेका छन् (इ. १९६५, पृ. २९९) । यसपछिका आचार्यहरूले रुद्रटको दोस्रो लक्षणलाई आधार मानेर व्याख्या गरेको देखिन्छ । यस अलङ्कारको व्यवस्थित रूपमा लक्षण प्रस्तुत गर्ने आचार्य मम्मट हुन् । उनले आधार ठुलो हुँदा आधेय सानो र आधार सानो हुँदा आधेय ठुलो भएको वर्णनमा अधिक अलङ्कार हुने लक्षण प्रस्तुत

ISSN: 2961-1989
Academia Research Journal
Research Management Cell (RMC), Mahemdra Multiple Campus, Nepalgunj
Volume: 5 Issue: 2, Year: 2026

गरेका छन् (इ. १९६६, पृ. ४४३) । यसबाट आधार र आधेयमध्ये एकको अधिकता भएमा त्यसलाई अधिक अलङ्कार मान्न सकिन्छ ।

यस क्षेत्रका लोकगीतमा अधिक अलङ्कारको प्रयोग भएको पाइन्छ । खास गरेर यहाँका *रतिनानी* गीतको सत्हत्तरौं र अठहत्तरौं पङ्क्तिमा, *साइलोजी* गीतको तेस्रो र चौथो पङ्क्तिमा, *स्यालदाइ टप्पा* गीतको एघारौं र बाह्रौं पङ्क्तिमा अधिक अलङ्कारको प्रयोग भएको पाइन्छ । अधिक अलङ्कारको प्रयोग गरिएको *रतिनानी* गीतको टुक्रा यसप्रकार छ-

काँ गई बिर्सुला, घाटै मर्ने चिम्सेनानी हाटै मर्ने रति

रतिनानी चिम्सेनानी सुरजेका ज्योति नानी बस मायालै (पुन, २०८१, पृ. ७५) ।

यस कर्खा गीतको टुक्रामा व्यक्त भावको सन्दर्भलाई अध्ययन गर्दा रतिनानी र चिम्सेनानी बिचमा गहिरो प्रेम रहेको पाइन्छ । रतिनानी र चिम्सेनानी सङिना सङिना हुन् । उनीहरू दुवैजना सँगै बाँच्ने सँगै मर्ने बाचा गरेका थिए । सल्यान कजेरीकी रतिनानी १६० जना हटारुको नेतृत्व गर्दै नेपालगन्जसम्मको हाट यात्रा गरेकी छन् । हैजाका कारण हाटबाट फर्कने क्रममा बबई किनारमा उनको मृत्यु हुन्छ । यो खबर सुनेर सल्यान घाटगाउँ बुरेलीकी चिम्सेनानीले भेरी नदीमा हाम्फालेर आत्महत्या गरेकी छन् । यी दुवैजना छोरीमान्छे सल्यानका सामान्य नारी मात्र नभएर सूर्यका ज्योति झैँ प्रकाश दिने आदर्श नारीका रूपमा यस कर्खामा चर्चा गरिएको छ । विश्वनाथले आधार र आधेयमध्ये कुनै एकको अधिकता भएमा अधिक अलङ्कार हुन्छ (इ. १९५७, पृ. ८२८) भने झैँ यस गीतमा आधार तत्त्व रतिनानी र चिम्सेनानीलाई आधेय तत्त्व सूर्यका ज्योतिसँग तुलना गरी आवश्यकताभन्दा बढी मात्रामा चर्चा गरिएको छ । यसबाट यो गीतमा अधिक अलङ्कारको प्रयोग भएको देखिन्छ ।

यो कर्खा गीतमा गहिरो भावनात्मक अर्थ लुकेको छ । घाटै मर्ने चिम्सेनानी हाटै मर्ने रति भन्ने पङ्क्तिले जीवनको अस्थिरता र मृत्युको अनिवार्यतालाई स्मरण गराएको छ । यहाँ घाट र हाट शब्दहरूले जीवनको यात्रा र अन्त्यलाई प्रतीकात्मक रूपमा देखाएका छन् । मानिस चाहे जहाँ गए पनि अन्ततः मृत्यु निश्चित छ भन्ने सन्देश यसमा छ । रतिनानी चिम्सेनानी सुरजेका ज्योति भन्ने पङ्क्तिले प्रेम र प्रकाशलाई जीवनको सारको रूपमा प्रस्तुत गरेको छ । सुर्यको ज्योति जीवन र आशाको प्रतीक हो भने माया मानवीय सम्बन्ध र आत्मीयताको आधार हो । त्यसकारण यसमा मृत्यु अनिवार्य भए पनि प्रेम र प्रकाशले जीवनलाई अर्थपूर्ण बनाउँछ भन्ने भाव व्यक्त भएको पाइन्छ । गीतले जीवन र मृत्युबिचको द्वन्द्वलाई उजागर गर्दै प्रेमलाई स्थायी मूल्यको रूपमा चित्रण गरेको छ । मृत्युले शरीरलाई अन्त्य गर्छ तर प्रेम र सम्झनाले मानिसलाई अमर बनाउँछ भन्ने भाव यसमा छ । यसरी यो गीतले जीवनको क्षणभङ्गुरता र प्रेमको स्थायित्वबारे गहिरो दार्शनिक दृष्टिकोण प्रस्तुत गरेको छ । गीतले मृत्युको सत्यता स्वीकार्दै प्रेमलाई जीवनको शाश्वत शक्ति भनेर व्याख्या गरेको छ ।

### *विशेष अलङ्कार*

विशेष भन्नाले असाधारण वा विलक्षण भन्ने बुझिन्छ । विशेष अलङ्कार पूर्वीय साहित्यशास्त्रका क्षेत्रको एउटा महत्त्वपूर्ण अर्थालङ्कार हो । यस अलङ्कारमा आधार बिना आधेयको वर्णन गरिएको हुन्छ । जहाँ असम्भवमा सम्भवनाको कल्पना गरिन्छ त्यहाँ विशेष अलङ्कार हुन्छ । विशेष अलङ्कारको अलङ्कारको पहिलो चर्चा आचार्य रुद्रटले गरेका छन् । उनले यस अलङ्कारको तीन प्रकारबाट चर्चा गरेका छन् । पहिलो व्याख्याअनुसार निश्चित आधार भएको वस्तुलाई आधारहीन रूपमा प्रस्तुत गरिएमा विशेष अलङ्कार हुन्छ । दोस्रो व्याख्याअनुसार एक वस्तु अनेक आधारमा एकसाथ प्रस्तुत भएमा विशेष अलङ्कार हुन्छ । उनको तेस्रो व्याख्याअनुसार कर्ताले गर्दै गरेको कामसँगै असम्भवजस्तो लाग्ने अर्को कार्य सजिलै गरेमा विशेष अलङ्कार हुन्छ भन्ने लक्षण प्रस्तुत गरेको पाइन्छ (इ. १९६५, पृ. २९२) । विशेष अलङ्कारसम्बन्धी रुद्रटको यही मान्यतालाई उनीपछिका आचार्य मम्मट र आचार्य जगन्नाथले स्वीकार गरेको पाइन्छ । यी आचार्यका धारणालाई अध्ययन गर्दा आधार बिना आधेयको वर्णन गरिएको असाधारण वा विलक्षणपूर्ण अभिव्यक्तिलाई विशेष अलङ्कार मान्न सकिन्छ ।

यस क्षेत्रका लोकगीतमा विशेष अलङ्कारको प्रयोग गरिएको भेटिन्छ । यस क्षेत्रका गीतहरूमध्ये *झाँक्रीको खेती* गीतको अरचालिसौँ पङ्क्तिदेखि अन्ठाउन्नौँ पङ्क्तिसम्म, *खैराबारीमाई भगवती मङ्गल* गीतको बिसौँदेखि चौबिसौँ पङ्क्तिसम्म, *सोरठी कृष्णलीला* गीतको उन्चालिसौँदेखि चवालिसौँ पङ्क्तिसम्म र *बरको छायाँ* तिज गीतको पहिलो र दोस्रो पङ्क्तिमा विशेष अलङ्कारको प्रयोग भएको पाइन्छ । यस क्षेत्रको *खैराबाडी माई भगवती मङ्गल* गीतमा प्रयोग गरिएको विशेष अलङ्कार भएको गीतको टुक्रालाई यसरी प्रस्तुत गर्न सकिन्छ-

छयातछयात भगवती कालिकामाई खैराबाङ उदाया

नरलोक दुनियाले माई भगवती मानम भनी

बिस सय बलि चराया

अपुत्रलाई पुत्र, निर्धनीलाई धन, अन्धालाई जोती

दिने तमी माई कालिका भगवती (पुन, २०८१, पृ. १०३) ।

यस गीतमा खैराबाडी माई कालिका भगवतीको वर्णन गरिएको छ । सल्यानको खैराबाङमा माई कालिका भगवति उत्पत्ति भएकाले यसका लागि बिस सय अर्थात् २००० बोका राँगाको बलि चढाएको वर्णन यहाँ भेटिन्छ । भगवतीलाई बलि चढाउनुको उद्देश्य अपुत्रलाई पुत्र, गरिबलाई धन र अन्धालाई ज्योति प्राप्त हुने सामाजिक विश्वास यस कर्खा व्यक्त भएको पाइन्छ । शर्मा

सिग्द्यालले आधार नभएर पनि आधेय रहेको, एउटै आधेय अनेक आधारजस्ता विभिन्न अवस्थामा विशेष अलङ्कार हुन्छ (२०२८, पृ. ११३) भने झैँ यस गीतमा अहिलको वैज्ञानिक युगमा आधारहीन विषयमा विश्वास गरी सन्तान प्राप्तिका लागि बलि चढाउने काम भएको चर्चा गरिएकाले यस मङ्गल गीतमा विशेष अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ ।

यो गीतमा माई कालिका भगवतीको स्तुति गरिएको छ । छ्यातछ्यात भगवती कालिकामाई खैराबाङ उदाया भन्ने पङ्क्तिले देवीलाई शक्तिशाली, सर्वशक्तिमान र सर्वत्र उपस्थित शक्तिको रूपमा चित्रण गरिएको छ । यहाँ कालिकामाईलाई नरलोक अर्थात् दुनियाले मान्यता दिएको, पूजा गरेको र बलि चढाएको उल्लेख छ । यसले देवीको धार्मिक महत्त्व र जनविश्वासलाई देखाउँछ । यस प्रकारको सामाजिक जनविश्वास एवम् धार्मिक भावना हाम्रो समाजमा हालसम्म पनि विद्यमान रहेको पाइन्छ । दसैँका अवसरमा अहिले पनि बलि दिएर आफूले चिताएको कुरा पूरा हुने जनविश्वास यहाँको समाजमा पाइन्छ । बिस सय बलि चराया भन्ने वाक्यांशले देवीलाई प्रसन्न पार्न ठूलो संख्यामा बलि चढाइएको परम्परालाई स्मरण गराउँछ । यसले भक्तजनहरूको श्रद्धा, आस्था र बलिदानको गहिरो प्रभावको प्रतीकका रूपमा देवीलाई प्रस्तुत गरेको देखिन्छ । गीतमा कालिकामाईलाई अपुत्रलाई पुत्र दिने, निर्धनीलाई धन दिने, अन्धालाई ज्योति दिने देवीका रूपमा वर्णन गरिएको छ । यसले देवीलाई करुणामयी, दयालु र जीवनदायिनी शक्तिको रूपमा चित्रण गरेको स्पष्ट हुन्छ । भक्तजनहरूको विश्वास अनुसार, देवीले दुःख, अभाव र अन्धकारलाई हटाएर जीवनमा आशा, समृद्धि र प्रकाश दिन्छिन् भन्ने जनविश्वासको चर्चा यसमा पाइन्छ ।

सारमा भन्ने हो भने यो गीत कालिकामाईको महिमा, भक्तजनहरूको श्रद्धा र देवीको कृपालु शक्तिको स्तुति गरिएको गीत हो । यहाँ देवीलाई जीवनका सबै कठिनाइहरू समाधान गर्ने, आस्था र विश्वासको केन्द्रबिन्दुका रूपमा प्रस्तुत गरिएको छ

***व्याघात अलङ्कार***

व्याघातको सामान्य अर्थ प्रहार, बिघ्न, बाधा, रोकावट आदि भन्ने बुझिन्छ । यसले विशेष किसिमले गरिएको घात, चोट, प्रहार वा घाउ भन्ने अर्थ पनि दिएको पाइन्छ । यसलाई पूर्वीय साहित्यशास्त्रका क्षेत्रमा महत्त्वपूर्ण अर्थालङ्कारका रूपमा हेरिन्छ । यसमा परस्पर दुई विरोधी भाव बोकेका वाक्याहरू प्रस्तुत भएका हुन्छन् । यसकारण एउटै वस्तुबाट एक पटक असल वा राम्रो काम सम्पन्न भएर पुनः त्यही वस्तुबाट खराब वा नराम्रो काम भएमा व्याघात अलङ्कार हुन्छ । यस अलङ्कारको चर्चा गर्ने पहिलो आचार्य रुद्रट हुन् । उनले कुनै कारण कार्यको विरोधी नभए पनि कारणले कार्यको उत्पत्ति गर्न नसकेमा व्याघात अलङ्कार हुने लक्षण प्रस्तुत गरेका छन् (इ. १९६५, पृ. ३०८) । रुद्रटको यो लक्षण विशेषोक्ति अलङ्कारसँग मिल्दोजुल्दो देखिन्छ । यस अलङ्कारको स्वतन्त्र ढङ्गले लक्षण प्रस्तुत गर्ने प्रथम आचार्य मम्मट हुन् । उनले जुन उपायबाट कसैले जे कार्य गऱ्यो त्यही उपायबाट अर्काले त्यही कार्यलाई अन्यथा गर्दछ भने त्यसलाई व्याघात अलङ्कार भनिन्छ भन्ने लक्षण व्यक्त गरेका छन् (इ. १९६६, पृ. ४६१) । यसबाट विकास वा विनास हुनु वा एक व्यक्तिले सम्पन्न गरेको कार्य अर्को व्यक्तिले भत्काउने कार्य गर्नुलाई व्याघात अलङ्कार मान्न सकिन्छ ।

यस क्षेत्रका लोकगीतमा व्याघात अलङ्कारको प्रयोग भएको पाइन्छ । विशेष गरेर यहाँको *कृष्णलीला* सोरठी गीतको तेत्तिसौँदेखि छत्तिसौँ पङ्क्तिसम्म र *स्यालदाइ साइँली* गीतको उन्चासौँ, पचासौँ, सतासिऔँ र अठासिऔँ पङ्क्तिमा व्याघात अलङ्कारको प्रयोग भएको पाइन्छ । यसै गरी यस क्षेत्रका *स्यालदाइ साइँली* गीतमा पनि व्याघात अलङ्कारको प्रयोग भएको देखिन्छ । व्याघात अलङ्कारको प्रयोग गरिएको साइँली गीतको नमुना तथा विश्लेषण यसप्रकार छ-

माया चिनो साइँली तिलरी यो नासो

त्यही नासो भइदियो गलपासो (पुन, २०८१, पृ. ५९) ।

यस गीतमा प्रेमको निशानीको रूपमा तिलहरी गहनाको चर्चा गरिएको छ । यहाँ मायाको चिनोको रूपमा विवाहका समयमा तिलहरी दिएको वर्णन पाइन्छ । कालान्तरमा घरायसी विविध कारणले व्यवहार नमिल्दा त्यही तिलहरी गलपासो भएको व्याख्या यस गीतमा गरिएको छ । भट्टराईले एकथरी काम गर्ने चीजलाई अर्को थरी काम गर्ने बनाएर वर्णन गर्दा व्याघात अलङ्कार हुन्छ (२०३१, पृ. ४३५) भने झैँ यस गीतमा गहनाको काम गर्ने तिलहरीलाई एक थरी काम मायाको चिनोको रूपमा र अर्को थरी काम आत्महत्या गर्ने गलपासोको रूपमा चर्चा गरिएकाले यहाँ व्याघात अलङ्कारको प्रयोग भएको देखिन्छ ।

यो गीतमा प्रेमको गहिरो अर्थ र त्यसको परिणामलाई चित्रण गरिएको छ । माया चिनो साइँली तिलरी यो नासो भन्ने पङ्क्तिले प्रेममा दिइने उपहार वा चिनोको प्रतीकका रूपमा तिलहरीलाई देखाइएको छ । तिलहरी यहाँ प्रेमको अमूल्य नासोको रूपमा प्रस्तुत गरिएको छ, जसले सम्बन्धलाई मजबुत बनाउने काम गर्नुपर्छ । तर त्यही नासो भइदियो गलपासो भन्ने वाक्यांशले प्रेमको चिनो नै स्वतन्त्र जीवनको बन्धनमा परिणत भएको सङ्केत गरेको छ । उपहार वा चिनोले प्रेमलाई स्मरणीय बनाउनुपर्ने हो तर कहिलेकाहीँ त्यो नै जीवनमा बोझ वा बन्धन बन्न सक्छ भन्ने चेतावनी यसमा पाइन्छ । यसले प्रेमको द्वन्द्वात्मक स्वरूपलाई उजागर गरेको छ । यहाँ एकातिर प्रेमले आनन्द, सम्झना र आत्मीयता दिन्छ भने अर्कोतिर त्यसले जिम्मेवारी, बन्धन र कठिनाइ पनि ल्याउन सक्छ भन्ने भाव व्यक्त भएको देखिन्छ । गीतले प्रेमलाई केवल मिठास मात्र नभई जीवनको गम्भीर जिम्मेवारीसँग जोडिएको देखाएको छ । प्रेमको चिनोले सम्बन्धलाई स्थायी बनाउँछ तर त्यसको भारले कहिलेकाहीँ स्वतन्त्रतालाई सीमित गर्न सक्छ र जीवनमा बज्रपात पनि ल्याउन सक्छ भन्ने विचार यसमा व्यक्त भएको पाइन्छ । निष्कर्षमा के भन्न सकिन्छ भने यो गीतले प्रेमको चिनोको महत्त्व र त्यसले

ल्याउने बन्धनबारे दार्शनिक दृष्टिकोण प्रस्तुत गर्दै प्रेमलाई आनन्द र जिम्मेवारी दुवैको स्रोतको रूपमा व्याख्या गरेको छ ।

### *अन्योन्य अलङ्कार*

अन्योन्य भनेर एक आपस, परस्पर वा एक अर्काको भन्ने बुझिन्छ। अन्योन्य अलङ्कार साहित्यशास्त्रका क्षेत्रको एउटा महत्त्वपूर्ण अर्थालङ्कार हो । यस अलङ्कारमा दुई पदार्थहरू परस्परमा एक अर्काका उपकारक अर्थात् दुई पदार्थको परस्परमा सहयोगी भएका देखिन्छन् । यसका साथै यसमा एउटै क्रियाद्वारा दुई वस्तुको परस्पर उपकार वर्णन गर्ने वा भावशोभित बनाउने कार्य पनि गरेको पाइन्छ। अन्योन्य अलङ्कारको चर्चा गर्ने पहिलो आचार्य रुद्रट हुन् । उनले दुई पदार्थमा परस्पर क्रियाद्वारा विशिष्टता (विशेष अर्थ) पुष्टि गर्ने एकै कारक भावको वर्णनमा अन्योन्य अलङ्कार हुन्छ भनेका छन् (इ. १९६५, पृ. २३५) । यसबाट दुई पदार्थमध्ये कुनै एउटा अर्काको विशेषताको उत्पादक वा उपकारक भएमा अन्योन्य अलङ्कार हुने लक्षण उल्लेख गर्न सकिन्छ ।

यस क्षेत्रका लोकगीतमा अन्योन्य अलङ्कारको प्रयोग भएको देखिन्छ । यहाँको *संसार उत्पत्ति* गीतको पहिलो, दोस्रो र तेस्रो पङ्क्तिमा, *टुक्रे टुम्का* गीतको पच्पन्नौँ, छपन्नौँ, सन्ताउन्नौँ र अन्ठाउन्नौँ पङ्क्तिमा, *स्यालदाइ साइँली* गीतको त्रिहत्तरौँ र चौहत्तरौँ पङ्क्तिमा, *झमरा* गीतको पाँचौ र छैटौँ पङ्क्तिमा, *देउखरी सल्यान* टुम्का गीतको पन्ध्रौँ र सोह्रौँ पङ्क्तिमा अन्योन्य अलङ्कारको प्रयोग भएको भेटिन्छ। अन्योन्य अलङ्कारको प्रयोग गरिएको *संसार उत्पत्ति* सोरठी गीतको नमुना यसप्रकार छ-

हा हा हा हो निइरमले जुगैमा हो शून्य थिया हा हा हा हो निइरमल

हे हे हे हो प्रथमै हो सिरजाय ब्रह्मा विष्णु महेश्वर हे हे हे हो प्रथमै हो

हा हा हा हो हुइरपछि मनवा सिरजाय हा हा हा हो हुइरपछि ( पुन, २०८१, पृ. ११०) ।

यस गीतमा पृथ्वीको उत्पत्तिसँगै कुनै पनि प्राणीको उत्पत्ति नभएको अवस्थामा सर्वप्रथम ब्रह्मा, विष्णु र महेश्वर-जस्ता देवताको सिर्जना भएको चर्चा गरिएको छ। त्यसपछि तिनै देवताहरूबाट मानवको सिर्जना गरिएको वर्णन यस गीतमा पाइन्छ। शर्मा सिग्द्यालले दुईमा परस्पर उपकार भएमा अन्योन्य अलङ्कार हुन्छ (२०२८, पृ. ११८) भने झैँ यस गीतमा ब्रह्मा, विष्णु, महेश्वरको अन्योन्याश्रित सम्बन्ध वा पारस्परिक सहयोगबाट मानिसको उत्पत्ति गरिएको वर्णन गरिएकाले यसमा अन्योन्य अलङ्कारको प्रयोग भएको देखिन्छ।

यो गीतमा सृष्टिको उत्पत्ति र मानव जीवनको प्रारम्भिक अवस्थाबारे धार्मिक तथा दार्शनिक दृष्टिकोण प्रस्तुत गरिएको छ । प्रथमै हो सिरजाय ब्रह्मा विष्णु महेश्वर भन्ने पङ्क्तिले ब्रह्मा, विष्णु र महेश्वरलाई सृष्टिको मूल आधारका रूपमा चित्रण गरिएको छ । हिन्दू दर्शनअनुसार ब्रह्माले सृष्टि सिर्जना गर्छन्, विष्णुले पालन गर्छन् र महेश्वर (शिव)ले संहार गर्छन् भन्ने धारणा पाइन्छ । यी त्रिदेवलाई जीवन चक्रका तीन प्रमुख शक्तिका रूपमा हिन्दू दर्शनमा प्रस्तुत गरिएको छ। हा हा हा हो हुइरपछि मनवा सिरजाय भन्ने पङ्क्तिले सृष्टिको प्रारम्भिक चरणपछि मानव जीवनको उत्पत्ति भएको सङ्केत गरेको छ । यसले देवशक्तिहरूको क्रियाकलापपछि पृथ्वीमा मानव सभ्यता जन्मिएको हो भन्ने धारणा स्पष्ट पारेको छ । यस गीतले मानवलाई देवशक्तिको कृपा र सृष्टिको निरन्तर प्रक्रियाबाट उत्पन्न भएको प्राणीका रूपमा चित्रण गरेको छ । यस गीतले धार्मिक आस्था र दार्शनिक विचारलाई जोड्दै जीवनको उत्पत्ति, देवशक्तिको भूमिका र मानव अस्तित्वको महत्त्वलाई उजागर गरेको छ । सृष्टि केवल प्राकृतिक घटना मात्र नभई दैवी शक्ति र आध्यात्मिक सत्यसँग सम्बन्धित छ भन्ने भाव यसमा अभिव्यक्त भएको पाइन्छ । यसबाट के बुझ्न सकिन्छ भने यस गीतमा ब्रह्मा, विष्णु र महेश्वरलाई सृष्टिको आधार मानेर मानव जीवनको उत्पत्ति र अस्तित्वलाई दैवी शक्तिसँग जोडेर व्याख्या गरेको छ ।

## निष्कर्ष

यस लेखमा दक्षिणपूर्वी सल्यानका लोकगीतहरूमा प्रयोग भएका विभिन्न विरोधमूलक अलङ्कारहरूको विवेचना गरिएको छ । विशेष गरेर यहाँको विरोधाभास अलङ्कारमा वास्तविक विरोध नभई केवल विरोध भएको जस्तो देखिने आभास प्रस्तुत गरिएको छ । विरोधाभास अलङ्कारयुक्त दन्त पापी हाँसखेल गर्ने, मन पापी रोइरने भन्ने पङ्क्तिले बाहिरी हाँसो र भित्री पीडाबिचको विरोधाभासलाई देखाएको छ । त्यसै गरेर यहाँका लोकगीतमा पाइने विशेषोक्ति अलङ्कारले पर्याप्त कारण भएर पनि अपेक्षित कार्य नघट्ने असामान्य स्थिति चित्रण गरेको पाइएको छ । यहाँको विशेषोक्ति अलङ्कारयुक्त मरिन म विष खाँदा दुई मुठी भन्ने लोकगीतको अभिव्यक्तिले विष खाए पनि मृत्यु नभएको असाधारण अवस्था देखाएको छ। यसै गरी आधार वा आधेयमध्ये कुनै एकको अत्यधिक प्रधानता भएको अधिक अलङ्कारयुक्त रतिनानी चिम्सेनानी सुरजेका ज्योति भन्ने पङ्क्तिले साधारण नारीलाई सूर्यका ज्योति जस्तो महान् रूपमा चित्रण गरेको छ। यसरी नै आधार बिना आधेयको वर्णन गरी असम्भवमा सम्भवको कल्पना गरिएको विशेष अलङ्कारयुक्त अपुत्रलाई पुत्र, निर्धनीलाई धन, अन्धालाई जोती दिने तमी माई कालिका भगवती भन्ने अभिव्यक्तिले देवीलाई असाधारण शक्तिशाली रूपमा प्रस्तुत गरेको छ । यसरी लोकगीतहरूले बाहिरी सौन्दर्य र भित्री पीडा, प्रेम र मृत्यु, विश्वासघात र आत्मसंघर्ष, आस्था र असम्भव विश्वासलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दै जीवन र समाजका गहिरा सत्यहरूलाई उजागर गरेका छन् ।

**Funding:** This study received no specific financial support.
**Institutional Review Board Statement:** Not Applicable.
**Competing Interests:** The author declares that he has no competing interests.

## सन्दर्भग्रन्थसूची

पन्त, भरतराज (२०५६). *नेपाली अलङ्कार परिचय.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

पुन, डम्बरबहादुर (२०८१). *लोकगीत सिद्धान्त र आठहजारी लोकगीत.* लेखक प्रकाशक ।

भट्टराई, गोविन्दप्रसाद (२०३१). *पूर्वीय काव्य सिद्धान्त.* ने.रा.प्र.प्र. ।

भामह (२०४२). *काव्यालङ्कार.* (देवेन्द्र शर्मा, भाष्य.). विहार राष्ट्रभाषा परिषद् ।

मम्मट (इ.१९६६). *काव्यप्रकाश.* (गङ्गानाथ झा, अनु.). भारतीय विद्या प्रकाशन ।

रुद्रट (इ.१९६५). *काव्यालङ्कार.* (सत्यदेव चौधरी, व्या). परिमल पब्लिकेसन्स ।

रुय्यक (२०१६). *अलङ्कारसर्वस्वम.* (रेवाप्रसाद द्विवेदी, अनु.). चौखम्बा संस्कृत संस्थान ।

वाग्भट (इ.१९१६). *वाग्भटालङ्कार* (तृ.सं.). (वासुदेव शर्मा, संशो.). तुकाराम जावजी ।

विश्वनाथ (इ.१९५७). *साहित्यदर्पण.* (सत्यव्रत सिंह, अनु.). चौखम्बा विद्या भवन ।

शर्मा सिग्द्याल, सोमनाथ (२०२८). *साहित्यप्रदीप.* विद्यार्थी पुस्तक भण्डार ।

***